# डोल्पो बुद्ध गाउँपालिकाको आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रम

तेह्रौ गाउँसभाका आदरणीय सभाध्यक्षज्यू,
संघीय संसदका माननिय सदस्यज्यू,
प्रदेश सभाका माननिय सदस्यज्यू,
सभाका सम्पूर्ण सदस्यज्यूहरु,
लामा गुरुज्यू,
गाउँपालिकाका निवर्तमान अध्यक्षज्यू,
आमन्त्रित अतिथिज्यूहरु,
दाजुभाई तथा दिदिबहिनीहरु,
उपस्थित गाउँपालिका, बैंक्क तथा सुरक्षा निकायका कर्मचारीहरु, संचारकर्मी पत्रकारज्यूहरु,

१. डोल्पो बुद्ध गाउँपालिकाको यस एघारौं गाउँसभामा आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न पाउँदा खुशीको अनुभूति गर्नुका साथै बजेट घोषणाको यो अद्वितिय पलमा देशको यो आमूल राजनीतिक तथा सामाजिक परिवर्तनका संवाहक अमर सहिदहरुप्रति उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

२. दिर्घकालीन योजनालाई तत्कालीन प्राथमिकताहरुसँग समान्जस्यता र समायोजन गर्दै उपलब्धि हासिल गर्नुका साथै प्राप्त उपलब्धिको सँस्थागत गरी आवश्यक आयोजना तथा कार्यक्रमलाई प्राथमिकता परिवर्तन सँगै विकासको गतिलाई नै चलायमान वनाउनु पर्ने अवस्था उत्पन्न भएको छ ।

३. **"धो तराप उच्च बस्तीको मान,  डोल्पो बुद्ध गाउँपालिकाको सान"**भन्ने मुल नारा रहेको यस डोल्पो बुद्ध गाउँपालिकाले उपलब्ध स्रोतको अधिकतम् र दीगो परिचालनबाट सम्पूर्ण क्षेत्रको समानुपातिक र समन्यायिक दीगो विकासका माध्यमबाट युवा, बालबालिका, ज्येष्ठ नागरिक, महिला, अपाङ्ग, दलित, आदिवासी लगायत सम्पूर्णमा **"मेरो सरकार स्थानीय सरकार**" भन्ने भावना जागृत गराउने प्रयास स्वरुप आगामी आ.व. को बजेट निर्माण गरेको छु ।

४. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, पन्ध्रौ आवधिक योजना, नेपालले राष्ट्रिय अन्तराष्ट्रिय

जगतमा जनाएका प्रतिवद्धताहरु,नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण, गाउँपालिकाको अर्थिक विधेयक २०८०, विनियोजन विधेयक २०८०, नीति तथा कार्यक्रम, संघीय तथा प्रदेशबाट जारी भएका नीति तथा कार्यक्रमहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, वाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खाद्य तथा पोषण सुरक्षा, सामाजिक न्याय, सामाजिक संरक्षण र बचाउ, सशक्तीकरण तथा समावेशी विकास लगायतका अन्तरसम्बन्धित विषयहरु, विषयगत समितिहरुको सुझाव, विषय विज्ञहरुका सुझाव, राजनीतिक दलहरु र संघसंस्थाका रायसुझावहरु, गाउँपालिकाबासी दाजुभाई दिदीबहिनीहरुको रचनात्मक सर-सल्लाह सुझावहरुलाई मुख्य आधारका रुपमा लिएको छु ।

५. अब म यस गाउँपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको समीक्षा तथा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

| मिति २०८० असार ०७ गतेसम्मको डोल्पो बुद्ध गाउँपालिकाको आम्दानी | |
|---|---|
| शीर्षक | रकम |
| संघीय सरकार वित्तिय समानीकण अनुदान | ६ करोड २४ लाख ७५ हजार रुपैयाँ मात्र |
| संघीय सरकार सशर्त अनुदान | ६ करोड १६ लाख २० हजार ७ सय ५० रुपैयाँ मात्र |
| संघीय सरकार विशेष अनुदान | १ करोड ०७ लाख ८७ हजार २ सय २८ रुपैयाँमात्र |
| संघीय सरकार राजश्व बाँडफाँड (अन्तशुल्क, मु.अ.कर) | २ करोड ७४ लाख ६६ हजार ९ सय ६७ रुपैयाँ ०३ पैसा मात्र । |
| अघिल्लो वर्षको अ.ल्या. | ११ करोड ०४ लाख ६५ हजार ५सय ७६ रुपैयाँ ०६ पैसा मात्र । |
| प्रदेश सरकार वित्तिय समानीकण अनुदान | १६ लाख ३८ हजार ५ सय रुपैयाँ मात्र । |
| प्रदेश सरकार सशर्त अनुदान | १० लाख रुपैयाँ मात्र । |
| प्रदेश सरकार विशेष अनुदान | ७ लाख २१ हजार २२ रुपैयाँ मात्र । |
| प्रदेश सरकार समपुरक अनुदान | ११ लाख ४० हजार रुपैयाँ मात्र । |
| प्रदेश सरकार राजश्व बाँडफाँड | ० रुपैयाँमात्र । |
| जम्मा : **२७ करोड ५६ लाख ७६ हजार ५ सय ४३ रुपैयाँ ०६ पैसा मात्र ।** | |

**त्यसैगरी, २०८० असार ०७ गते सम्म चालूतर्फ ६ करोड ९८ लाख ३७ हजार ६०० रुपैयाँ ४० पैसा मात्र र पूँजीगततर्फ ८ करोड ३० लाख ४४ हजार ६ सय २८ रुपैयाँ गरि जम्मा १५ करोड २८ लाख ८२ हजार २ सय २८ रुपैयाँ मात्र खर्च भएको छ ।**

६. आगामी आर्थिक वर्ष २०८०/८१ यस डोल्पो बुद्ध गाउँपालिकाको देहाय बमोजिमको आम्दानी र खर्च हुने प्रारम्भिक प्रक्षेपण रहेको छ :-

| आर्थिक वर्ष २०८०/०८१ मा डोल्पो बुद्ध गाउँपालिकाको आम्दानी प्रक्षेपण | |
|---|---|
| शीर्षक | रकम |
| संघीय सरकार वित्तिय समानीकरण अनुदान | ६ करोड ९१ लाख रुपैयाँ मात्र । |
| संघीय सरकार सशर्त अनुदान | **६ करोड ११ लाख रुपैयाँ मात्र ।** |
| संघीय सरकार विशेष अनुदान | ३ करोड ४० लाख रुपैयाँ मात्र । |
| संघीय सरकार समपुरक अनुदान | ५० लाख रुपैयाँ मात्र । |
| संघीय सरकार राजश्व बाँडफाँड | ४ करोड ४१ लाख ४३ हजार १ सय रुपैयाँ मात्र । |
| प्रदेश सरकार वित्तिय समानीकण अनुदान | ३२ लाख ७३ हजार रुपैयाँ मात्र । |
| प्रदेश सरकार सशर्त अनुदान | १ करोड ४७ लाख ३५ हजार ७ सय ५० रुपैयाँ मात्र । |
| प्रदेश सरकार विशेष अनुदान | ५० लाख रुपैयाँ मात्र । |
| प्रदेश सरकार समपुरक अनुदान | १ करोड ३० लाख रुपैयाँ मात्र । |
| प्रदेश सरकार राजश्व बाँडफाँड | ३९ हजार ५ सय ४९ रुपैया मात्र । |
| आन्तरिक स्रोत | ५ लाख रुपैयाँ मात्र । |
| अ.ल्या. | ४ करोड रुपैयाँ मात्र । |
| जम्मा : **२८ करोड ९८ लाख ९१ हजार ३ सय ९९ रुपैयाँ मात्र ।** | |

**त्यसैगरी, आगामी आ.व. २०८०/०८१ मा चालु खर्च तर्फ ९ करोड ३१ लाख ८२ हजार ६ सय ४९ रुपैयाँ र पूँजीगत तर्फ १९ करोड ६७ लाख ८ हजार ७ सय ५० रुपैया खर्च हुने अनुमान गरिएको छ ।**

**आदरणीय अध्यक्षज्यू,**

**७. अब म आ. व. २०८०/०८१ को बजेट तर्जुमाका विधिहरु प्रस्तुत गर्न चाहन्छु ।**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा निम्न विधिहरुलाई आधार मानिएको छ :-

क)राजस्व प्रक्षेपण, राजस्व परामर्श समितिबाट राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वको अनुमान र दर सिफारिस ।

ख)स्रोत अनुमान तथा बजेट सीमा निर्धारण एवम् आन्तरिक र अन्य स्रोतको अनुमान गरी विषय क्षेत्रगत सीमा र मार्गनिर्देशन ।

ग) बजेट तथा कार्यक्रम तर्जुमा गरी नीति तथा कार्यक्रम तथा वडागत र विषयगत कार्यक्रमको विश्लेषण गरी कार्यपालिकामा योजनागत सूची ।

घ) गाउँपालिका सभा बाट स्वीकृत नीति तथा कार्यक्रम र कार्यपालिकाबाट पारित गरि पेश भएको आय-व्यय विवरण ।

**८. आ.व. २०८०/०८१ को बजेटका उद्देश्यहरु**

१. पर्यापर्यटनमा आधारित उद्योगको विकासको माध्यमबाट रोजगारीको सिर्जना र स्वरोजगार वृद्धि गर्ने ।

२. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्दै सम्पूर्ण गाउँपालिकाबासीलाई स्वस्थ जिवनयापनको वातावरण सिर्जना गर्ने ।

३. भौतिक पूर्वाधारको विकासमा समानुपातिक र समन्यायिक विकासको अवधारणा अवलम्बन गर्दै दीगो पूर्वाधार विकासमा जोड दिने ।

४. विभेदमुक्त गाउँपालिकाको विकास गर्दै समावेशी समानुपातिक प्रतिनिधित्वमा उदाहरणीय गाउँपालिका रुपमा विकास गर्ने ।

**९. अब म आ. व. २०८०/०८१ को बजेटका योजना तथा कार्यक्रमको प्राथमिकिकरणहरु प्रस्तुत गर्न चाहन्छु :-**

क) पर्यटन प्रबद्धन, उद्यमशीलताको विकास, रोजगारीमा वृद्धि, स्वरोजगारउन्मुख समाजको विकास,

ख) गुणस्तरीय तथा दीगो भौतिक पूर्वाधार निर्माण सहित आर्थिक विकास र गरिवी निवारण,

ग) आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवामा सम्पूर्ण गाउँपालिकाबासीको पहुँच,

घ) जनसहभागितामा अभिवृद्धिसँगै दीगो भौतिक पूर्वाधार निर्माण,

ङ) वातावरण संरक्षण र स्रोत साधनको दीगो प्रयोग,

च) प्रविधिमैत्री सार्वजनिक प्रशासन र सुशासन,

**आदरणीय सभाध्यक्षज्यू ,**

अब म शीर्षकगत् रुपमा बनाइएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## आधारभुत स्वास्थ्य तथा सरसफाई

१०. **"गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा, स्थानीय सरकारको प्रतिबद्धता"** भन्ने मुल नारालाई निरन्तरता दिदै मौलिक हकका रुपमा रहेको आधारभूत स्वास्थ्यमा नि:शुल्क पहुँच कार्यान्वयनका लागि सम्पूर्ण स्वास्थ्य संस्था तथा आधारभुत सेवास्थ्य केन्द्रहरुलाई जिम्मेवार बनाईने व्यवस्था मिलाएको छु।

११. डोल्पो बुद्ध गाउँपालिकाबाट वितरण हुँदै आएका आधारभुत तथा अत्यावश्यक औषधि औषधिको मूल्य, गुणस्तर र परिमाणको बारेमा निरन्तर अनुगमन गर्दै सबै स्वास्थ्य संस्थामा निशुल्क उपलब्ध हुने व्यवस्था मिलाईनेछ । ।

१२. गाउँपालिकामा भएका स्वास्थ्य चौकिहरुको स्तरोन्नती गर्दै ल्याब सेवाको सुदृढिकरण गर्दै एक्सरे सेवा टेलिमेडीसिन लगायत आधुनिक उपचार पद्दतीको व्यवस्थापन तथा कार्यान्वयन गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने प्रवन्ध मिलाएको छु ।

१३. प्रत्येक वडामा **पूर्ण सरसफाई उन्मुख नमूना टोल** घोषणा गरी क्रमश: सम्पूर्ण वडाहरुलाई पूर्ण सरसफाई उन्मूख वडा घोषणा गर्दै डोल्पो बुद्ध गाउँपालिकालाई पूर्ण सरसफाई फोहोरमैलाको समुचित व्यवस्थापन गरी सरसफाईयुक्त गाउँपालिकाका रुपमा विकास गरिनेछ ।

१४. महिलामा देखिने प्रजनन स्वास्थ्य समस्याहरु, आङ्ग खस्ने, पाठेघरको मुखको क्यान्सर लगायतको रोगको उपचारका लागि संघीय सरकार तथा प्रदेश सरकारको सहकार्यमा स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाएको छु ।

१५. **"रोग निवारणका लागि आयुर्वेद (आम्ची)र योग"** भन्ने नारा सहित आयुर्वेद तथा योग पद्धतिलाई अनुशरण गर्ने परम्पराको विकास गर्न आयुर्वेद (आम्ची)को लागी आवश्यक पर्ने वनस्पती तथा जडिवुटिजन्य औषधि खरिद गर्ने बजेट विनियोजन गरेको छु ।

१६. समुदायमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको उत्प्रेणा वृद्धि तथा प्रोत्साहनका लागि संघीय सरकार तथा प्रदेश सरकारको साझेदारीमा आवश्यक सुविधाको व्यवस्था गरेको छु ।

## कृषि विकास :-

१७. वास्तविक कृषकको तथ्याङ्क संकलन गरी सोहि आधारमा कृषकलाई कृषक समूह मा वर्गिकरण गरी अभिमुखिकरण गर्ने कार्यक्रमका लागि बजेट छुट्याएको छु । **मागमा आधारित कृषि तालिम र युवा स्वरोजगारका लागि कृषि तालिम**को संचालनमा बजेट विनियोजन गरेको छु ।

१८. स्थानीय उत्पादनलाई बजारीकरण गर्न प्रदेश सरकारसँगको सहकार्यमा पालिकाको कृषि उपज संकलन केन्द्र निर्माण सम्पन्न गरी संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१९. संघीय सरकारको साझेदारीमा संचालन भई रहेको बाख्रा पकेट कार्यक्रम स्याउ पकेट कार्यक्रम लाई निरन्तरता दिदै एक वडामा चौरी प्रबद्धन कार्यक्रम संचालन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

२०. प्रदेश सरकार अन्तरगत कृषि विकास कार्यालय तथा पशु अस्पताल तथा पशु सेवा कार्यालय सँगको साझेदारीमा गाउँपालिका भित्र कार्यक्रम संचालनका लागी साझेदारीमा निरन्तरता दिईने व्यवस्था मिलाएको छु ।

२१. स्थानीय रैथाने वालीको संरक्षण तथा प्रबद्धन गर्दै यसको उत्पादनहरुको वजारीकरण विस्तार गर्नका लागी सहकारी गठन गरी सहकारी मार्फत ढुवानीमा अनुदान प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

**पशु विकास :-**

२२. पशुपंक्षीको लागी आवश्यक औषधि तथा आईभरमेटीन लागयत आपश्यक खोप खरिद सँगै स्थानीय स्तरमै खोप शिविर लासंचालनका लागी आवश्यक बजेट छुट्याएको छु ।

२३. पशुपालक कृषकलाई नजिकवाट सेवा प्रवाह गर्न स्थानीय स्तरमा संघीय सरकारो साझेदारी पशु स्रोत केन्द्र निर्माण गर्न आवश्यक वजेट व्यवस्था गरेको छु ।

२४. प्रदेश सरकारसँगको सहकार्यमा वन्यजन्तुको आक्रमणवाट घरपालुवा पशुपंक्षीमा हुने क्षतिको न्युनिकरणका लागि रमनमा सुधारका साथै घेरवारको विस्तार गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

२५. संघीय सरकारको साझेदारीमा पशुवस्तुको विमा कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

**शिक्षा, युवा तथा खेलकुद विकास :-**

२६. गाउँपालिकाका सामुदायिक विद्यालयलाई पूर्वाधार र प्रविधिमैत्री बनाउन संघीय सरकारको साझेदारीमा आवश्यक बजेट विनियोजन गरेको छु ।

२७. हिमाली क्षेत्रमा विविध कारणले  विद्यालय संचालन हुने अवधि न्युन हुने भएकोले विद्यार्थीलाई समुदायमै अध्ययन गराउनको लागी वैकल्पिक शिक्षा संचालन गर्न खुला विद्यालय संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

२८. कृषि पशु ईन्जिनियरीङ स्वास्थ्य लगायत प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई उच्च शिक्षा **छात्रवृत्ति कार्यक्रम**का माध्यमबाट छात्रवृत्ति उपलब्ध गराइने व्यवस्था मिलाएको छु ।

२९. **एक टोल एक युवा क्लब एक वडा एक वाल क्लब** गठन गरी प्रत्येक टोलमा खेलकुदका गतिविधिहरु संचालन गर्न सामाग्री सहयोग तथाबाल क्लब तथा युवा क्लबलाई सामाजिक विकासका कार्यमा सहभागी हुन प्रोत्साहित गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

३०. विद्यालयहरुमा शिक्षण पद्दतीलाई सुधार गर्न विद्यालयमा प्रदान गर्दै आएको विभिन्न प्रकारका अनुदान तथा ICT पुस्तकालय तथा भौतिक पुर्वाधार विकासलाई निरन्तरता दिईनेछ ।

३१. सरकारी सेवामा स्थायी प्रवेशका लागी लोकसेवा आयोगको परीक्षाको तथारी तथा अध्ययन गर्न चाहने विलर्थीलाई सहयोग गर्न आवश्यक प्रवन्ध मिलाएङ्को छु ।

३२. विद्यालय जाने उमे समुह वाहेकका गाँउवासीलाई लक्षित गरी संचालन भई रहेको प्रौढ शिक्षा कार्यक्रम लाई निरन्तरता दिन आवश्यक वजेट व्यवस्था गरेको छु ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाजकल्याण :-**

३३. **"हामी सबैको रहर सबै प्रकारका विभेदमुक्त डोल्पो बुद्ध नगर"** भन्ने नारालाई व्यवहारमा कार्यान्वयन गर्न लैङ्गिक, जातजातीय तथा सामाजिक विभेदलाई पूर्ण रुपमा उन्मुलन गर्ने र दलित, उत्पीडित तथा पिछडिएका अल्पसंख्यक समुदायको आर्थिक सामाजिक उत्थानका कार्यक्रमहरु लाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छु ।

३४. महिला तथा फरक क्षमता भएका व्यात्ति लाई उनीहरुको माग तथा चाहना बमोजिम उद्यम विकासका लागी सिप विकास कार्यक्रम संचालन गरी व्यवसाय स्थापना सामाग्री उपलब्ध गरीनेछ ।

३५. उद्यम विकास कार्यक्रम मार्फत समुदायको माग बमोजिम सिकर्मी, डकर्मी, प्लम्विङ्ग, ईलेक्ट्रीसीयन, ग्याविन बुन्ने लगायतका कार्यक्रम संचालन गर्न वजेट व्यवस्था मिलाएको छु ।

**वन, वातावरण, खानेपानी, सरसफाई, फोहोरमैला व्यवस्थापनः-**

३६. प्रचलित कानुन बमोजिम जडिवुटी, वन पैदावारको समुचित प्रयोग गर्दै समृद्ध गाउँपालिकाका रुपमा डोल्पो बुद्ध गाउँपालिकाको पहिचान बढाउन तथा गाउँपालिका भित्रका वनहरुलाई व्यवस्थित गर्न स्थानीय कानून बनाई लागू गर्न र सोका लागि आवश्यक वित्तिय प्रबन्ध मिलाएको छु ।

३७. गाउँपालिकामा निर्माण भएका खानेपानी आयोजनाहरुको दिगो र समुचित प्रयोग गरी खानेपानीको न्यायोचित वितरण गर्नका लागी खानेपानी उपभोक्ता समूहहरुको क्षमता विकास तथा सुदृढिकरण गर्न समुहहरु दर्ता, व्यवस्थापन तथा प्रोत्साहनका लागि आवश्यक व्यवस्था गरेको छु ।

३८. सफा र स्वच्छ डोल्पो बुद्ध निर्माण गर्नका लागी फोहोरमैलाको उत्पादन स्थलमै वर्गिकरण गरी यसको वैज्ञानिक व्यवस्थापनका लागी आवश्यक प्रवन्ध मिलाईनेछ ।

३९. खानेपानीको सहज पहुच नभएका वडाहरुमा एक घर एक धारा निर्माण कार्यको विस्तार गर्नुका साथै संचालन भई रहेका आयोजनाहरुको निर्माण सम्पन्न गर्नका लागी आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

४०. खानेपानीको सहज पहुँच पुगेका वडाहरुमा आर्थिक वर्ष २०७९।०८० देखि संचालन भएको एक घर एक धारा कार्यक्रमलाई थप वडाहरुमा विस्तार गर्नका लागी आवश्यक प्रवन्ध मिलाएको छु ।

**उद्योग, पर्यटन, उद्यम विकास र रोजगारी सिर्जना :-**

४१. **लघु उद्यम विकास कार्यक्रम** अन्तर्गत नयाँ लघु उद्यमी सिर्जना गर्ने, उनीहरुलाई सिप विकास तालिम प्रदान गर्ने साथै प्रविधि हस्तान्तरण मार्फत उद्यममा निरन्तरताको वातावरण सिर्जनाका लागि सशर्त अनुदान मार्फत प्राप्त हुने बजेट परिचालन गर्ने व्यवस्था

मिलाएको छु । यस आर्थिक वर्षमा सिर्जना भएका लघु उद्यमीहरुलाई व्यवसाय विस्तारका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४२. **प्रधानमन्त्री रोजगार कार्यक्रम** अन्तर्गत प्राप्त हुने सशर्त अनुदानको परिचालनबाट आगामी आर्थिक वर्षमा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकताक्रमका आधारमा कम्तिमा १०० दिन रोजगारी प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

४३. रोजगारी सिर्जना हुनेगरी दर्ता तथा संचालन हुने नया दर्ता हुने उद्योगहरुलाई आगामी आर्थिक वर्षका लागी करमा छुट दिई प्रोत्साहन गरीनेछ ।

४४. सघींय सरकार प्रदेश सरकार तथा गाउँपालिकावाट आयोजना तथा कार्यक्रम संचालन गर्दा पर्यापर्यटन तथा वातावरण मैत्रि हनेगरी संचालन गर्ने व्यवस्था मिलाएको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

४५. डोल्पो बुद्ध गाउँपालिकामा रहेका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक पर्यटकीय क्षेत्रहरुको पहिचान गरी गाउँपालिका प्रोफाईलमा राखी क्रमश: भौतिक पूर्वाधारहरुको निर्माण सँगै पहुँचमा सहजता हुने गरी **पर्यटकीय पुर्वाधार विकास तथा मर्मत** गर्ने गाउँपालिकापालिकाको विगत देखिको कार्यक्रमको निरन्तरताका लागि व्यवस्था मिलाएको गरेको छु ।

## सामाजिक सुरक्षा, न्यायिक समिति, सार्वजनिक प्रशासन, सूचना प्रविधि विकास, उपभोक्ता अधिकार र विपद व्यवस्थापन :-

४६. सामाजिक सुरक्षा भत्तालाई पारदर्शी र सहज ढङ्गबाट उपलब्ध गराउन स्थानीय बैंङ्कहरुसँग समन्वय गर्दै थप व्यवस्थित गर्ने प्रणालीको व्यवस्था मिलाएको छु । अशक्त ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई बैंङ्किङ प्रणाली मार्फत घरमै सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

४७. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको सदुपयोग गर्दै सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने व्यवस्था गरेको छु ।

४८. न्यायिक समितिको सबलीकरण गरी स्थानीय तहबाटै मेलमिलापको माध्यमबाट निराकरण गर्न सकिने मुद्दामामिलाहरुको छिटो छरितो फछ्यौंट गर्ने प्रणालीको विकास र मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रमका लागि व्यवस्था सुनिश्चित गरेको छु ।

४९. गाउँपालिकाको प्रशासकीय भवनको निर्माणको विस्तृत अध्ययन प्रतिवेदन अन्तिम चरणमा पुगेको छ । आगामी आर्थिक वर्षमा जग्गा प्राप्को प्रक्रिया टुङ्ग्याई सम्पूर्ण विषयगत शाखाहरुलाई एकै ठाउँमा राखी **एकल विन्दु सेवा केन्द्रको मोडालिटी**लाई अवलम्बन गर्दै सेवा प्रवाह गर्ने गरी प्रशासकीय भवन निर्माणको कार्य प्रारम्भ गर्ने व्यवस्था मिलाएको छु ।

५०. संघीय सरकार र प्रदेश सरकारले राष्ट्रसेवक कर्मचारीहरुका निम्ति व्यवस्था गरेको सेवा सुविधामा बमोजिम हुने गरी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

## भौतिक पूर्वाधार विकास :-

५१. डोल्पो बुद्ध गाउँपालिकामा जनसंख्या भुगोग तथा विकासको आवश्यकता बमोजिम समानुपातिक र समन्यायिक विकासको वितरणका माध्यमबाट समुन्नत गाउँपालिकाका रुपमा पहिचान दिलाउन भौतिक पूर्वाधारको विकासलाई जोड दिन संघीय सरकार प्रदेश सरकार सँगको साझेदारीमा आवश्यक बजेट विनियोजन गरेको छु ।

### आदरणीय अध्यक्षज्यू,

५२. प्रदेश सरकार तथा संघीय सरकारसँग साझेदारीमा संचालन हुनेगरी प्राप्त आयोजनाहरुमा डोल्पो बुद्ध गाउँपालिकाको तर्फबाट व्यहोर्नुपर्ने खर्च (समपूरक कोष) का लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५३. एक घर एक धारा कार्यक्रम अन्तर्गत सिमेन, पोल्दे तथा कलाङ्ग मा खानेपानीका आयोजना आगामी आर्थिक वर्षमा सम्पन्न गरी कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

५४. गाउँपालिका क्षेत्रमा भएका सडक सिचाई कल्भर्टहरुको निर्माण तथा स्तरोन्नतीका लागी आवश्यक वजेटको व्यवस्था गरेको छु ।

५५. गाउँपालिकाका संचालन भईरहेका विद्यालयका भवनहरु निर्माण सम्पन्न गर्नुका साथै तिन्जे र धो मा भवन निर्माण गर्न आवश्यक व्यवस्था गरेको छु ।

५६. सिमेनमा निर्माण भएका सडकको स्तरउन्नती ढल तथा नाला निर्माण र सडक पक्की वनाउनका लागी आवश्यक वजेटको प्रवन्ध मिलाएको छु ।

५७. गाउँपालिकामा नया ट्रयाक निर्माणको कार्यलाई न्युनीकरण गर्दै निर्माण सम्पन्न भईसकेकका सडक पुर्वाधारलाई दिगो एवम् वातावरण मैत्री हुनेगरी निर्माण गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

५८. बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने आदरणीय गाउँपालिका अध्यक्ष र सम्पूर्ण गाउँपालिका सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा उपयोगी सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, सहकारी क्षेत्र, निजी क्षेत्र, आम नागरिक तथा संचार क्षेत्रलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । बजेट कार्यान्वयनमा सबैको रचनात्मक सहयोग रहने अपेक्षा गरेको छु ।

धन्यवाद ।

पेम्मा धोर्चे गुरुङ
उपाध्यक्ष
डोल्पो बुद्ध गाउँपालिका, धो डोल्पा
मिति २०८० असार ०७ गते